नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रियविपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #४८

२४ साउन २०७७

| २०७७ बैशाख १ देखि साउन २३ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १८१ | ४३ | १४६ | ७ | १२ | ३ | ४९ | ० | १६४ | **२३७** | **५५** | **३१३** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन २३ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १७९ | ४३ | १४५ | ५ | ११ | १ | १९ | ० | ४५ | **२०३** | **५४** | **१९१** |

# दैनिकविपद् बुलेटिन

२३साउन विहान१०:००बजेदेखि २४साउन विहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर **४** स्थानमा **अबिरल वर्षा**, **३** स्थानमा **पहिरो**, **२** स्थानमा **सर्पदंश**का घटना घटेका छन् । यी घटनामा परेर **२** जनाको **मृत्यु**, **२** जना **घाईते** भएका छन् । **पहिरो**का कारण **१** स्थानमा **बाटो अबरुद्ध** भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २ | ० | ९ | २ | २,०१,४०० | १ | ४९ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **९** वटा घट्ना भएका छन् ।
- **दोलखाको** गौरीशंकर गाउँपालिका वडा नं ८ चुईनटारस्थित एक घरमा लेदो माटो सहितको **पहिरो** आई घर पुरिई घरभित्र रहेका **१** जनाको घटना स्थलमा नै **मृत्यु**, **१** जना **घाईते** । अन्य ५ वटा घर पहिरोमा पुरिदा एउटा मोटरसाईकल बगाउनुका साथै ३४ वटा पशु र ३ वटा पंक्षिको मृत्यु । सोही वडामा **पहिरो**का कारण अन्य ४ घर पूर्ण क्षति हुँदा १० वटा चौपायाको मृत्यु । वडा नं ६ मा **अबिरल बर्षा**को कारण गुरुम्फी मुलाबारी सडक खण्डको भलबाढी पसी २ घर, १ गोठ क्षति हुँदा ४ वटा खसी, ३ वटा गाई, २० वटा कुखुरा मरेको, सामुदायिक स्वास्थ्य इकाई गुरुम्फिको २ बोरा औषधीहरु पुरिएको, १३ कार्टुन प्याड पुरिएको । बिगु गाउँपालिका वडा नं ४ स्थित तामाकोशी नदी किनारमा रहेको एउटा टहरो **अविरल बर्षा**को कारण बगाएको । गौरीशंकर गाउँपालिका वडा नं ५ मा **अबिरल बर्षा**को कारण गुरुम्फी मुलाबारी सडक खण्डको भलबाढी पसी १ वटा घर पूर्ण क्षति, १ वटा घर र १ वटा गोठ आंशिक क्षति, युनिभर्सल पावर कम्पनी लिमिटेडको पावर हाउसमा गुरुम्फी खोलाको भेल पसी जेनेरेटर, हाइड्रोलिक आयल सिष्टम, चमाइन, प्यानल इलेक्ट्रिक कल समेतमा क्षति ।

## घट्ना सारांश...

- **सुर्खेत**को विरेन्द्रनगर नगरपालिका वडा नं १० बुलबुले पार्कस्थित एक कुखुरा फर्ममा **अविरल वर्षा**का कारण पानी पस्न गई ४२० वटा बोइलर कुखुरा मरी **१ लाख ७६ हजार ४ सय** रुपैंया बराबरको क्षति ।
- **दाङ**को लमही नगरपालिका वडा नं ८ असानेमा एक जनालाई खेतबाट घर आउने क्रममा **सर्पले दाहीने खुट्टाको टोकी घाईते** । दंगिशरण गाउँपालिका वडा नं ५ बालापुरमा एक बर्ष ६ वर्षिय बालकलाई आफ्नै घरको आगनमा खेल्ने क्रममा **बिषालु सर्पले हातमा टोकी** उपचारको लागी राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा ल्याएकोमा उपचारको क्रममा **मृत्यु** ।

## बाटो अवरोध

- **दैलेख**को आठबिस नगरपालिका वडा नं ५ घट्टेखोला भन्ने स्थानमा **पहिरो** आई **कर्णाली राजमार्ग अवरुद्ध** ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरो र सर्पदंशबाट घाइते भएका व्यक्तिको उद्धार गरी उपचारका लागि नजिकैको स्वास्थ्य उपचार केन्द्र पठाइएको, स्थानीयको सहयोगमा पहिरोबाट अबरुद्ध भएको बाटो खुलाउने प्रयास भइरहेको ।

## बाढी पूर्वानुमान

**श्रावण-२४ (शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्दो हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने। आज कोशी, नारायणी, कर्णालीका केही स-साना सहायक नदीमा बहाब उल्लेख्य बढ्ने र सतर्कता आसपास हुने ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब बढ्दो हुने तर सतर्कता भन्दा तलै हुने । आज कन्काई कमला, बागमती, पश्चिम राप्ती, बबई, तिनाउका केही स-साना नदीमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाव हुन सक्ने ।**
- **आजईलाम, धनकुटा, संखुवासभा, उदयपुर, भोजपुर, खोटाङ, ओखलढुङगा, सिन्धुली, काभ्रेपलान्चोक, काठमाण्डौ उपत्यका, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, चितवन, लम्जुङ, कास्की, बाग्लुङ, तनहूँ, स्याङ्जा, रुकुम, रोल्पा, प्यूठान, बाँके, बर्दिया, सुर्खेत, सल्यान, जाजरकोट, दैलेख, कालिकोट, अछाम, डोटी, डडेल्धुरा, बैतडी, दार्चुला र आसपास भई बहने साना नदीमा बहाव बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाव हुन सक्ने पूर्वानुमान रहेको छ ।**

**नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः[http://hydrology.gov.np/](http://hydrology.gov.np/)**

## वर्षाको सारांश

साउन २३ गते बिहान ०८:४५ बजे देखि साउन २४ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/२४ गते बिहान ०८:४५ बजे १८४ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६० र स्वचालितः १२४) मा मापन गरिएको वर्षाको विवरण अनुसार ११९ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढि वर्षा (११८.२ मि. मी.) सुर्खेत जिल्लाको विरेन्द्रनगर (ईत्तरम) केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, १० वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २० वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ४५ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](http://www.dhm.gov.np/climate/)मा हेर्नुहोस।**